## कालिका नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, रेडक्रसग्राम चितवनद्वारा आयोजित सार्वजनिक सुनुवाई (२०८१/१२/०१ देखी २०८२/०३/३० गते सम्म) कार्यक्रममा कालिका नगरकार्यपालिकाको कार्यालयद्वारा सम्पादन गरिएका कार्यहरुको सार्वजनिकीकरण

1. पृष्ठभूमिः

सुशासन (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०६४ को दफा ३, सुशासन (सञ्चालन तथा व्यवस्थापन) नियमावली, २०६५ नियम १९ र प्रदेश सुशासन ऐन, २०७७ को दफा ३१ बमोजिम यस कालिका नगरपालिकाद्वारा मिति २०८१/१२/०१ देखि आज मिति २०८२/०३/३० गते सम्म सम्पादन गरेका काम कारवाहीलाई स्वच्छ, पारदर्शी, वस्तुनिष्ठ बनाउन, सरोकारवालाहरूको कानूनसम्मत सरोकारलाई सम्बोधन गर्न यो सार्वजनिक सुनुवाई आयोजना गरिएको छ।

यस सार्वजनिक सुनुवाई २०८१/०८२ को बार्षिक सुनुवाई भएकोले चालु आर्थिक वर्षमा नगरपालिका र नगरबासीबीच दोहोरो सम्वाद स्थापित भई  नगरपालिकाको कार्यसम्पादन पारदर्शी, गुणस्तरीय, प्रभावकारी बनाउन नगरबासीको रचनात्मक प्रतिनिधित्व र जिम्मेवारीको बोध गराउने र नगरपालिकाले प्रश्न, जिज्ञासा तथा गुनासोहरुको सम्बोधन गर्दै सेवा प्रवाह र विकास निर्माणका कार्यमा थप रचनात्मक सल्लाह, सुझाव प्राप्त गर्ने अपेक्षा गरिएको छ।

2. मोडरेटरः
3. समयः दिनको १ बजे
4. स्थानः वडा नं. ७ वडा कार्यालय  भवन परिसर
5. उद्धेश्यः यस सार्वजनिक सुनुवाई कार्यक्रमका उद्धेश्य देहाय बमोजिम हुनेछन:

    1. चालु आर्थिक वर्ष २०८१/०८२ को तेस्रो चौमासिक तथा बार्षिक अवधिमा नगरपालिकाद्वारा सम्पादित कार्यहरूको सर्वसाधारणको जानकारीका लागि सार्वजनीकरण गर्ने।
    2. नगरपालिका र स्थानीय नागरिकहरू, सरोकारवालाहरूसँग दोहोरो संवाद स्थापित गर्ने।
    3. सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थित सरोकारवाला नागरिकका प्रश्न, गुनासो तथा जिज्ञासाको सम्बोधन गर्ने।
    4. आगामी दिनमा कालिका नगरपालिकाबाट प्रभावकारी सेवा प्रवाह, विकास निर्माण तथा प्रशासनिक कार्य अगाडि बढाउन उपस्थित सरोकारवालाको राय, धारणा तथा सुझाव सङ्कलन गर्ने।
    5. सरोकारवालाको गुनासो यथासम्भव सम्बोधन गर्ने/गराउने।

**सार्वजनिक सुनुवाई कार्यक्रममा आज सार्वजनिक हुने विषयहरूः**

**क) अघिल्लो सार्वजनिक सुनुवाईमा गरिएका प्रतिबद्धताहरू  र सो को कार्यान्वयन अवस्थाः**

१. सार्वजनिक सुनुवाईमा सेवाग्राहीको संख्यामा उल्लेखनीय वृद्धि गरिनेछ। कार्यक्रमको प्रभावकारिता ल्याउन नगर क्षेत्रका सेवा प्रदायक संस्थाको समेत उपस्थिति गराईने र प्रचार प्रसारमा जोड दिईनेछ।

कालिका नगरपालिकाले १५ दिन अगाडि नै प्रत्येक वडा कार्यालयहरुमा सार्वजनिक सुनुवाई हुने स्थान  समय  खोलिएको पत्र पठाई प्रचार प्रसारका साथै सूचना प्रकाशन गरिदिन अनुरोध गरिएको छ। सेवा प्रदायक संस्थालाई पनि कार्यक्रम संचालन गर्नु भन्दा कम्तिमा एक दिन आगाडी माईकिंग गर्ने गरि सम्झौतामा नै उल्लेख गरि कार्यादेश दिईएको छ। जिंगल कालिका नगरपालिका,नगर कार्यपालिकाको सूचनामा पनि राखिएको छ।

२. बाढी नियन्त्रण कार्य र जोखिममा परेका स्थानको पहिचान गरि कार्यक्रम संचालन गरिने छ।

कालिका नगरपालिकाको डुवान गर्ने बुंग खोला वडा न १, २,३,४,६ र ७ लगायतका वस्तीहरुलाई सुरक्षित र भयरहित बनाउनका लागि व्यवस्थापन गर्ने कार्य आई. ई.ई. गरि ठेक्का लगाउने प्रक्रियामा पुगेको छ। गैर सरकारी संस्थाहरुको सहयोगमा  अन्य जोखिम स्थानहरुको पहिचान गरि तटवन्धन लगायत अन्य छेकवारहरु निर्माण भईरहेका छन् भने पालिकाले

पनि स-साना योजनाहरु संचालन गरिरहेको छ । सिमाना सडक लगायत विभिन्न स्थानमा खोला सफा गर्ने गहिराउने र व्यवस्थित गर्ने कार्य गरिएको छ। नदिजन्य पदार्थ व्यवस्थित गर्नका लागि कायर , बुंग र थांगखोलाको आई .ई. ई . सम्पन्न गरि ५५३७ घन मिटर परिमाणको नदिजन्य पदार्थ निकासी गर्ने कार्य सम्पन्न भई सकेको छ ।

३. सेवा प्रवाहको औजारको रुपमा रहेको नागरिक अभिमत –पत्रमा प्राप्त सुझावहरुलाई प्रभावकारी रुपमा कार्यन्वयन गरि स्वच्छ प्रशासनिक सेवा प्रवाहमा जोड दिईनेछ ।

कालिका नगरपालिकाले प्रत्येक ४/४ महिनामा विभिन्न वडाहरुमा स्वतन्त्र सेवा प्रदायक संस्था छनौट गरि सोहि संस्था मार्फत नागरिक अभिमत पत्र संकलन गरिने गरिन्छ । अभिमत पत्रबाट संकलन गरिएका सबै सुझाव रायहरु सार्वजनिक सुनुवाई कार्यक्रममा प्रस्तुत गरिनेछ । सेवाका बिषयमा प्रभावकारी बनाउन के कस्तो नीति अवलम्वन गर्नुपर्ला भनि दिएको सुझावलाई नगरपालिकाले सम्पत्तिको रुपमा ग्रहण गरि आ.व. २०८२/०८३ नीति तथा कार्यक्रम र बजेट तयार गर्दा सो विषयलाई समेत समावेश गरी बार्षिक कार्यक्रम तयार गरिएको व्यहोरा सरोकारवाला सबैमा अनुरोध गर्न चाहन्छु ।

४. सार्वजनिक सुनुवाई नियमित रुपमा प्रत्येक चौमासिक रुपमा संचालन गरिने छ ।

कालिका नगरपालिकाले बिगत वर्ष देखि प्रत्येक चौमासिक अवधिमा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्दै आईरहेको यहाँहरुलाई बिधदतै छ । गत कार्तिक २७ गते कालिका नगरपालिका वडा नं. ९ मा पहिलो र फागुन २५ गते कालिका नगरपालिका वडा नं.१० मा दोस्रो सार्वजनिक सुनुवाई सम्पन्न गरेका थियौ भने तेस्रो सार्वजनिक सुनुवाई कालिका नगरपालिका वडा नं.७ को वडा कार्यालयमा आज सम्पन्न हुन गईरहेको छ। कालिका नगरपालिकाको आमन्त्रणलाई स्वीकार गरि यस कार्यक्रममा पाल्नुहुने सबैमा अभिवादन सहित रचनात्मक सुझाव गुनासो वा चित्त नबुझेको केहि भए सभ्य र शिष्ट भाषामा राखिदिनु हुन सबैमा अनुरोध छ ।

५. त्रैमासिक रुपमा भए गरेका कार्यहरुको विवरण स्वेत प्रकाशन विभिन्न संचारका मध्यम, वेबसाइट तथा सामाजिक संजाल मार्फत प्रत्येक ३ महिनामा महिना समाप्त भएको १५ दिन भित्र सार्वजनिकरण गरिनेछ ।

६. कालिका नगर अस्पतालबाट प्रदान गरिने सेवालाई बढी प्रभावकारी बनाई सेवा केन्द्रित हुन सुधारका कार्यक्रम संचालन गरिनुका साथै बिमा कार्यक्रमबाट प्रदान गरिने औषधी व्यवस्थित एवं प्रभावकारी सुधार ल्याईएको छ । थप बिषय बिज्ञ ल्याई सेवालाई विस्तार गर्दै लागिएको छ ।

कालिका नगर अस्पतालबाट प्रदान गर्ने सेवालाई बढी प्रभावकारी बनाउन विशेषज्ञ सेवा थप गरिएको छ । अस्पतालको प्रयोगशालालाई अपग्रेड गरिएको छ । २४ सै घण्टा सेवा प्रदान गर्दै आईरहेको भएतापनि थप प्रभावकारी बनाईएको छ। बिमाका बिरामीलाई पनि प्राप्त गर्ने औषधि सहज बनाईएको छ । विभिन्न भ्याक्सिनेशन कार्यलाई पनि प्रभावकारी बनाईएको छ । बेला बेलामा विभिन्न सरकारी तथा निजि अस्पतालका डा . बिशेषज्ञ मार्फत घुम्ती सेवासहित सेवा प्रदान गरिएको छ ।

७. कार्यालयको सेवा प्रवाहलाई बढी जनमुखी तथा पारदर्शी र मुस्कान सहितको सेवालाई प्रभावकारी बनाईएको छ ।

क. सेवा प्रवाहलाई प्रभावकारी बनाउन सम्पत्ति कर वडाबाट नै संकलन गर्ने कार्यलाई ११ वटा वडामा पुर्‍याइएको छ। सेवा प्रवाहको क्रममा कर्मचारीहरुबाट सेवकको रुपमा प्रस्तुत हुने अनावश्यक झन्झटिलो कानुनी प्रक्रियालाई सरल र सहज बनाईएको छ ।

८. सार्वजनिक सुनुवाईमा प्राप्त सुझावहरुलाई कार्यान्वयनमा जोड दिईएको छ ।आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम मा समाबेश गरिएको छ । सार्वजनिक सुनुवाई कार्यक्रममा प्राप्त रचनात्मक सुझावहरुलाई क्रमश: कार्यान्वयन गरिएको र आगामी दिनमा पनि गरिदै लगिनेछ ।

९. कालिका नगरपालिकाको कार्यक्रममा उत्पादन, सीप विकास, आय-आर्जनका कार्यक्रमहरु संचालन गर्नका लागि नीतिहरु तय गरी संचालनमा ल्याइने छ ।

क) कालिका नगरपालिकाबाट विभिन्न सीप विकास कार्यक्रम संचालन गर्न रकम विनियोजन गरी चालु आर्थिक वर्षमा करिव ५०० जनालाई स्व -रोजगार तालिम उपलब्ध गराउने गरी कार्यक्रम संचालन भईरहेको ।

ख) नगरपालिकाबाट विगतमा सीप विकास तालिम लिई उद्यमी भएका व्यक्तिहरुलाई स्तरोन्नति र प्रविधि हस्तान्तरण गर्न

रकम विनियोजन गरिएको छ। बिउ पूजी वृद्धि गर्दै लगिनेछ।

**हाम्रा थप प्रतिवद्धता**

१. संघ , प्रदेश ,स्थानीय तह र  अन्य निकाय, गैर सरकारी सस्थाहरुसँग सहकार्य गरी विकास निर्माण कार्यलाई अघि बढाईने छ।

नेपालमा ३ तहको सरकार विद्यमान रहेको वर्तमान अवस्थामा अधिकार र काम कर्तब्यको क्षेत्रहरुमा पनि समन्वय, सहकार्य, सह अस्तित्वलाई स्वीकार गर्दै विकास निर्माणका कार्यहरुलाई अगाडि बढाईएको र पालिका पालिकाहरुबीच पनि समन्वय र सहकार्यमा कार्यहरु भईरहेको छ।

२.  बिधुत प्राधिकरणसंँग अधुरा तथा पहुँच नपुगेका स्थानहरुमा लाईन विस्तार कार्यलाई बिधुत प्राधिकरणसँग सहजीकरण भईरहेको छ। आगामी दिनमा पनि सहकार्य गरी अगाडि बढाईने छ।

३. नगरको फोहर व्यवस्थापन कार्य अन्तिम चरणमा पुगेको छ। आगामी वर्षभित्र नगरको फोहर व्यवस्थापन गरि घर-घरबाट नै उठाईने व्यवस्था मिलाईनेछ।

ख .तेस्रो चौमासिक अवधिमा भए गरेका  थप कार्यहरु:-

**कालिका नगरपालिकाको सातौ नगर सभा २०८२ असार ४ गते सम्पन्न गरी रु ९५ करोड ७ लाख २० हजार  बराबरको आय व्ययको विवरण सार्वजनिक गरीएको छ।**

**थप देहाय बमोजिमका कार्यहरु सम्पादन भएका छन।**

१. महिलाहरुको नेतृत्व तथा क्षमता विकास कार्यक्रम सम्पन्न।

२. बालमैत्री स्थानीय पालिकाको लागि वडा , नगर सहजकर्ता तथा सम्पर्क व्यक्तिलाई अभिमुखीकरण तालिम सम्पन्न।  ३. सामाजिक सुरक्षाको सबै  किस्ता रकम समयमा नै निकासा गरिएको।

४. नगरपालिकाबाट सहजीकरण गरि मल वितरण कार्य व्यवस्थित गर्दै लगिएको छ  । कार्ड प्राप्त गरेका किसानले जुनसुकै बिक्रेताकोमा गई मल प्राप्त गर्न सक्ने व्यवस्था मिलाईएको छ।

५.  आ.व. २०८१/०८२ का लागि १८ वटा  योजनाको बोलपत्र भएकोमा १८ वटा सम्झौता भई १७वटा सम्पन्न भएको छन् ।

६.  उद्यमशिलता तालिम दिएकाहरुलाई सिप विकास तालिम दिईएको छ  ।

७. सिलाईकटाई आधारभूत तालिम लिएका २१ जनालाई स्तरोन्नति तालिम दिईएको।

८. ३६ जना लाई आधारभूत सिलाई कटाई तालिम प्रदान

९. कालिका नगरपालिका वडा न. ६ र ७ बाट ६०  जनालाई ब्युटिसियन तालिम प्रदान गरिएको।

१०. वडा नं. ४ बाट मकैको विभिन्न परिकार बनाउने तालिम ४० जनालाई प्रदान गरिएको।

११.कालिका वडा नं. २ र ६ मा नेतृत्व, भाषणकला  तथा उदघोषण तालिम ६० जनालाई प्रदान।

१२. विभिन्न गैर सरकारी संस्थाहरुको समन्वयात्मक बैठक सम्पन्न।

१३. कालिका नगरपालिका वडा न. १ र ९ का ३५ जना लाई पाक शिक्षा (कुक ) तालिम प्रदान

१४ . वडा न. ३ बाट ब्युटिसियन स्तरउन्नतिका कार्यक्रम संचालन भई ५ जनाले रोजगार समेत प्राप्त गरेको छन्।

१५. आर्थिक वर्ष २०८०/२०८१ को सामाजिक परिक्षण सम्पन्न।

१६. लैंगिक समानता तथा सामाजिक समाबेशीकरण तथा लैगिक उत्तरदायी बजेट परिक्षण सम्पन्न।

१७. कालिका नगरपालिकाको मोवाईल एप्स संचालन, एप्स मार्फत नगरपालिकाका सूचना तथा सेवाहरुको बारेमा जानकारी लिन सकिने व्यवस्था मिलाईएको।

१८. कालिका नगरपालिकाको संगठन संरचना तयार गरि स्वीकृत गरिएकोछ।

१९. बैदेशिक रोजगारमा गएका जानचाहने व्यक्तिहरुलाई मानो सामाजिक परामर्श दिने गरि इकाई स्थापना गरि संचालनमा।

२०. २०८३ आसोज मसान्त भित्र वालमैत्री नगरपालिका घोषणाका लागि विभिन्न कार्यक्रम संचालन तथा पूर्वाधार निर्माण।

२१. कालिका नगरपालिका वडा न २ मा सिकाई केन्द्र( तालिम हल) स्थापना गरि कार्य प्रारम्भ ।
२२. प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत ४० जना सुचिकृत वेरोजगारहरुले पलम्बिङ्ग र सडक मर्मत सम्बन्धी ५० दिने तालिम प्राप्त गरेका छन ।

**अब म शाखागत प्रगति विवरणको प्रस्तुतिकरण गर्दछु ।**

**प्रशासन शाखाः**

**दरवन्दी तथा पदपुर्ति अवस्थाः**

<table>
<tr><td colspan="5">स्थायी कर्मचारीहरु नगरपालिकाको कार्यालय र वडा कार्यालयतर्फ</td><td></td><td colspan="2">करार सेवातर्फ</td><td></td></tr>
<tr><td></td><td>जम्मा दरबन्दी</td><td>पदपुर्ति</td><td>रिक्त</td><td>बढी पदपुर्ति</td><td></td><td>१</td><td>नगरपालिका तथा वडातर्फ</td><td>४४</td></tr>
<tr><td>जम्मा</td><td>५४</td><td>४९</td><td>०५</td><td>०</td><td></td><td>२</td><td>स्वास्थ्यतर्फ</td><td>४३<br>नगर अस्पतालसमेत</td></tr>
<tr><td colspan="6">स्वास्थ्यतर्फ नगर अस्पताल, स्वास्थ्य चौकी र प्रास्वाके समेत</td><td>३</td><td>ज्यालादारी</td><td>१६</td></tr>
<tr><td></td><td>जम्मा दरबन्दी</td><td>पदपुर्ति</td><td>रिक्त</td><td>बढी पदपुर्ति</td><td></td><td>४</td><td>जम्मा</td><td>१०३</td></tr>
<tr><td></td><td>३९</td><td>४१</td><td>०</td><td>२</td><td></td><td colspan="3" rowspan="2">जम्मा कर्मचारी संख्याः १९३<br>स्वीकृत दरवन्दीमा केही पद रिक्त छन् । जसमा शिक्षा निर्देशक १, सिडिइ १, कृषि अधिकृत १, प्रा.स.(कृषि)१, सब-ईन्जि.१ लगायत गरी जम्माः ५<br>उक्त पदहरु हाल रिक्त रहेकोले माग आकृति पठाउने तयारी रहेको ।<br>कालिका नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण (O&M) प्रतिवेदन मिति २०८२/०३/०४ मा स्वीकृत भएको छ ।</td></tr>
<tr><td>जम्मा</td><td>९३</td><td>९०</td><td>०५</td><td>०</td><td></td></tr>
</table>

**नगर सभा बैठक**: बैठक स◌ंख्या १◌ः मिति २०८२/०३/०४ गते सम्पन्न।

**कार्यपालिका बैठक**: बैठक संख्या र निर्णयः ७ वटा बैठक सम्पन्न (मुख्य निर्णयहरु:)

1) कालिका नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदन (O&M) स्वीकृत।
2) कालिका नगरपालिकाको साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि,२०८१ स्वीकृत।
3) कालिका नगरपालिकाको नगर प्रहरी (गठन तथा सञ्चालन) ऐन, २०७६ लाई प्रतिस्थापन गरी बनेको कालिका नगरपालिकाको नगर प्रहरी (गठन तथा सञ्चालन) ऐन, २०८२ स्वीकृत।
4) कालिका नगरपालिकाको जग्गा विकास मापदण्ड,२०८२ स्वीकृत।
5) कालिका नगरपालिकाको लेखा समिति कार्य सञ्चालन नियमावली, २०८२ स्वीकृत।
6) कालिका नगरपालिकाको प्रशासकीय कार्यविधि (खर्च मापदण्ड तथा आन्तरिक नियन्त्रण) नियम, २०७९ लाई प्रतिस्थापन गरी बनेको कालिका नगरपालिकाको प्रशासकीय कार्यविधि (खर्च मापदण्ड तथा आन्तरिक नियन्त्रण नियम) कार्यविधि, २०८२ स्वीकृत

**1. सामाजिक सुरक्षा तथा पञ्जीकरण**

क) **सामाजिक सुरक्षा भत्ता वितरणः**

| वर्ग आ.व ०८१/८२ (वार्षिक) | जेष्ठ | जेष्ठ दलित | जेष्ठ एकल | विधवा | अपाङ्गता क | अपाङ्गता ख | दलित वालवालिका | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| नयाँ थप जम्मा | २४२ | १२ | ५ | ८८ | ४ | ३२ | ३२ | ४१५ |
| जम्मा कायम संख्या | ३०० ० | ११८ | २५८ | ७०५ | ८२ | २४९ | १७४ | ४५८ ६ |

- ✓ वार्षिक लगत कट्टा जम्मा १६० जना
- ✓ जम्मा वितरित भत्ता(वार्षिक): १८ करोड ४५ लाख १ हजार ५ सय ९९ रुपैंया। (रु १८४५०१५९९।- )

ख) **घटना दर्ता संख्या:**

(२०८१ साल श्रावण १ गते देखि २०८२ साल असार २६ सम्म)

| जन्म | | | मृत्यु | | | सम्बन्ध बिच्छेद | विवाह | बसाई सरी आएको | | बसाई सरी जाने | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरूष | महिला | जम्मा | पुरूष | महिला | जम्मा | जम्मा | जम्मा | दर्ता संख्या | सदस्यको संख्या | दर्ता संख्या | सदस्यको संख्या | |
| ४९७ | ५१२ | १००९ | १५२ | १३१ | २८३ | ६६ | ४०१ | २०१ | ५८७ | ११३ | ३१५ | २०७३ |

**महिला बालबालिका तथा समाजकल्याण शाखाः**

**1. अपाङ्गता परिचयपत्र वितरणः**

| वर्ग | क | ख | ग | घ | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| हाल सम्म जम्मा | ९४ | २९९ | ११३ | २६ | ५३२ | जम्मा ५४४ जना |
| दोस्रो चौमासिकको | २ | ५ | २ | ३ | १२ | |

**2. अन्य सम्पादित कार्यहरूः**

- ✓ जेष्ठ नागरिक परिचयपत्र वितरण (६० वर्ष माथि) आ.व २०८१/०८२ तेस्रो चौमासिकमा थप २७ जना ( हालसम्म जम्मा २३०८ जना)।
- ✓ महिलाहरुको लागि हलुका सवारी चालक तालिम १५ दिने सम्पन्न गरिएको ।( जनजाती३०जना र अन्य ३२ जना जम्मा ६२ जना लाभान्वित)।
- ✓ एकल महिलाहरुको नेतृत्व क्षमता विकास विकास तालिम सम्पन्न गरिएको।(दलित ५जना,जनजाती२६ जना र अन्य २०जना जम्मा ५१जना लाभान्वित)।
- ✓ एकल महिलाहरु ५५जनालाइ प्रजनन् योग्य बाख्राको पाठीहरु वितरण गरिएको।(दलित ७जना,जनजाती३४जना र अन्य १४जना लाभान्वित)।
- ✓ समुदायमा आधारित पुनस्थापना सहयोग (सि.वि.आर) कार्यक्रम र संघ प्रदेश साझेदारि कार्यक्रमबाट ५०जना अपाङ्गता भएका व्यक्तिका संरक्षकहरु ५० जनालाइ बाख्रा वितरण कार्य सम्पन्न गरिएको।(पूर्ण अशक्त ३१जना र अति अशक्त १९ जना लाभान्वित)।
- ✓ बालश्रम विरुद्धको सचेतनामुलक कार्यक्रम वडा न.१ देखि ११सम्मका बालसंजालका २५७ जना बालबालिका, सम्पर्क व्यक्ति र सहजकर्ताहरुमा सम्पन्न गरिएको।(दलित२५जना,जनजाती१७१जना र अन्य६४जना)।
- ✓ बालमैत्री स्थानीय शासन पूर्वतयारीका नीतिगत तथा प्रकृयागत सचेतनामुलक र्यालीहरु सबै वडाहरुमा सम्पन्न गरिएको।



- ✓ सार्वजनिक स्थलहरुमा धुम्रपान मद्यपान र सुर्तिजन्य पदार्थ खान र १८वर्षमुनिका बालबालिकाहरुलाइ बिक्रि नगर्न नराउन र

**न्यायिक समिति तर्फः**

न्यायिक समितिको बैठकः नियमित बैठक वस्ने गरिएको,

न्यायिक समितिमा र वडा कार्यालयमा जम्मा दर्ता भएका विवादको संख्या-७९

नगर स्तरीय मेलमिलापको माध्यमबाट फर्छयौट भएका संख्या-१६

वडा स्तरीय मेलमिलापको माध्याम बाट फछयौट भएका विवादहरु जम्मा- ४८

गाली बेइज्यती–९

नाबालक छोरा छोरीलाई इज्जत आमद अनुसार लाउन र शिक्षा दीक्षा सम्बन्धी -२

जेष्ठ नागरिकको पालनपोषण तथा हेरचाह सम्बन्धमा-१

साँधसिमाना सम्बन्धमा-२१

लेनदेन सम्बन्धमा- १९

लुटपिट -१

कुटपिट सम्बन्धमा-१

टहरा हटाउने सम्बन्धमा-१

साँधसिमाना सम्बन्धी बलेसी पानी सम्बन्धी -१

सम्झौता अनुसारको बैना रकम फिर्ता सम्बन्धमा-७

परापूर्वक देखी सम्झौता अनुसार बाटो निर्माण-१

फछयौट हुन बाकी विवाद जम्मा -१५

कालिका नगरपालिकाको आयोजनामा मेलमिलापकर्तालाई पुनर्ताजगी र अन्तर्क्रिया तालीम सम्पन् गरियो।

मेलमिलापकर्ताहरुलाई अध्ययन अवलोकन भ्रमण सम्पन्न गरिएको।

**योजना तथा अनुगमन उपशाखा**

**क. वडा गत योजना संख्या र कार्यान्वनको अवस्थाः ( उपभोक्ता समिति मार्फत) ।**

| सि.नं. | वडा नं. | संझौता भएका योजना संख्या | भुक्तानी भएका योजना संख्या | योजनाको कुल खर्च रकम |
|---|---|---|---|---|
| १ | १ | १५ | १४ | ४५,३८,३०० |
| २ | २ | २५ | २४ | ९८,८८,७५० |
| ३ | ३ | ३० | ३० | ८०,४७,२८४ |
| ४ | ४ | १७ | १५ | ३६,९९,६०० |
| ५ | ५ | २७ | २७ | ६५,१३,२०० |
| ६ | ६ | ४७ | ४६ | १,२९,४७,८२० |
| ७ | ७ | ३३ | ३३ | १,३०,६९,८६९ |
| ८ | ८ | ३१ | ३१ | १२६१३३८३ |
| ९ | ९ | ४० | ३९ | १७२४२९२८ |
| १० | १० | २४ | २२ | ६९७३००० |
| ११ | ११ | २४ | २३ | ७५८५००० |
| जम्मा | | ३१३ | ३०४ | १०,४१,१९,१३४ |

**कुल ३०४ वटा योजनाकाम सम्पन्न भएको जसमा खर्च रु, १० करोड ४१ लाख १९ हजार १ सय ३४ ।**

**पूर्वाधार विकास शाखा:**

**आ. व. २०८१/८२ ठेक्का प्रक्रियाबाट कार्यन्वयन भएका योजनाहरु:**

जम्मा ठेक्का लगाईएका योजना: १८ वटा

उपभोक्ता समिति मार्फत कार्यन्वयन भएका योजना विवरण:

सम्झौता भएका योजनाहरु:३१२

भुक्तानी भएका तथा कार्य सम्पन्न योजनाहरु: ३०४

**ठेक्का प्रक्रियाबाट कार्यान्वयन योजनाहरुको नाम सहित विवरण:**

१. प्रदेश समपुरक योजना अन्तर्गतको ठेक्का नं १, कालिका नगरपालिका रेडक्रसग्राम स्कूल चोक देखि महिला संजाल भवन हुँदै पश्चिम भिमवली सामुदायिक वन सिमाना सम्म सडक निर्माण र

ठेक्का नं २ मदन आश्रित मार्ग वडा नं २ र ४ सिमाना देखि पूर्व वडा नं २ र ३ को सिमाना प्रकाश मेडीकल हुँदै बांगे कुलो सम्म सडक निर्माण योजना निर्माण कार्य सम्पन्न भएको।

२ . नेपाल सरकार समानिकरण अनुदान तर्फको योजना: ठेक्का नं ३: विभिन्न बाटो कालोपत्रे वडा नं १ : ठेक्का नं ४:

विभिन्न बाटो कालोपत्रे वडा नं ५: ठेक्का नं ५: विभिन्न बाटो निर्माण र बाटो उच्चस्तरीय कालिका ६: ठेक्का नं ६:विभिन्न बाटो कालोपत्रे वडा नं ४,३ र ७: निर्माण कार्य सम्पन्न भई कार्य स्वीकार भएको।

३. संघिय समपुरक अनुदान तर्फको योजाना: ठेक्का नं ७: सिद्दी तीन दोभान देखि वडा नं ११ को कार्यालय पहुँच सडक निर्माण कार्य सम्पन्न भएको र नगरपालिका एक मात्र ११ नं वडा बिगतमा पक्की सडक संजाल बाट नजोडिएकोलाई यस आ.व मा कालोपत्रे सडक संजालबाट जोडिन गएको पनि जानकारी गराउन चाहन्छु।

४. नेपाल सरकार समानिकरण अनुदान र बागमती सरकार शसर्त योजना तर्फको योजना: ठेक्का नं ८: विभिन्न बाटो कालोपत्रे वडा नं २

**विपद् ब्यवस्थापनः**

**हाल सम्म विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका क्षेत्रमा भए गरेका कामहरू**

१) स्थानीय विपद् व्यवस्थापन कोष र यसको परिचालनको अवस्था

a) भारी बर्षात र बाढिका कारण क्षती भएक विभिन्न सडकहरुमा मर्मत कार्य गरिएको। ( ९३६ घन मिटर ग्रावेल / मर्मतकार्य)

b) भारी बर्षात र बाढिका कारण क्षती भएका विभिन्न सडक, सिचाई योजना, नाला, घोल कल्भर्ट हरुको मर्मत / सफाई गरी योजना सुचारु गरिएको। ( १०२० घण्टा जेसिबी , २९४२ किमि मिनी टिप्पर र ९८ घण्टा ग्रेडर लागयत हेभी मेसिन उपकरण प्रयोग)।

c) स्थानीय सुरक्षा निकायलाई विपद व्यवस्थापन सामग्री सहयोग गरिएको।

d) प्राकृतिक विपत्तिमा परि मृत्यु भएका, घाइते भएका, जनधनको क्षति भयका परिवारहरूलाई राहत वितरण गरिएको।(१६ परिवारहरूलाई रु. २,३०,०००/- राहत वितरण )।

e) बिपद ब्यवस्थापन सम्वन्धी तालिम, अभिमुखिकरण, सचेतना मुलक कार्यक्रम सम्पन्न गरिएको।

f) विपद व्यवस्थापन (खोज तथा उद्धार) सामग्रीहरू खरिद गरिएको।

**२) विपद् जोखिम न्यूनीकरणकालागी सम्पन्न क्रियाकलापहरू,**

a) नगरपालिका क्षेत्र भित्र रहेका सबै २२ वटा सामुदायिक बन उपभोक्ता समूहका पदाधिकारहरू लाई एक दिने बन डढेलो जन्य विपद व्यवस्थापन सम्बन्धी अभिमुखीकरण एवं सचेतना मूलक कार्यक्रम सम्पन्न।

b) नगरपालिका सबै वडा सदस्यहरू र सबै १५७ वटा टोल विकास संस्थाका कार्यसमितिका पदाधिकारहरू लाई घरायसी आगलागी जन्य विपद व्यवस्थापन सम्बन्धी एक दिने अभिभुखिकरण एवं सचेतना मूलक कार्यक्रम सम्पन्न।

c) नगरपालिकाका का ११ वटै वडामा वडा विपद व्यवस्थापन समितिको पुनः गठन भएको छ। समुदायमा आधारित विपद व्यवस्थापन सम्बन्धी अभिभुखिकरण एवं सचेतना मूलक कार्यक्रम सम्पन्न।

d) नगरपालिकामा रहेका अवकाश प्राप्त नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी लागयतका वैदेशिक पूर्व सुरक्षाकर्मीहरूको छाता सङ्गठन पूर्व सुरक्षाकर्मी परिषदमा आवद्ध सदस्यहरूलाई सुरक्षा सचेतना / विपद व्यवस्थापन सम्बन्धी अभिभुखिकरण एवं प्रयोगात्मक प्रदर्शनी कार्यक्रम सम्पन्न।

**३) विपद् जोखिम न्यूनीकरणका लागि सम्पन्न पुर्वतयारी क्रियाकलापहरू,**

a) वडा नं ७, ३, २, ६ र ४ मा बर्षेनिहुने वाढिजन्य विपद ब्यवस्थापनका लागि नगर गौरवको योजना बुङ-थाङ खोला नदि नियन्त्रण तथा ब्यबस्थापन योजना लागयत कायर खोला र अन्य स्थानहरुमा नदि नियन्त्रण योजना कार्यान्वयन गरिएको छ।

b) राष्ट्रिय भवन संहित लागु गरिएको छ।

c) नगरपालिकाको पहाडि वडाहरुको विभिन्न भुभागमा पहिरो र भु-क्षय नियन्त्रणकालागी विभिन्न संघ संस्थाहरु समेतको सहयोगमा प्रकृतिमा आधारित समाधान (NBS) र Bio Engineering कार्य कार्यान्वयन गरिएको छ।

d) वडा नं ७, ३, २, ६ र ४ लागायत बिभिन्न वडाहरुमा बर्षादको समयमा बाढिको कारण थाङ, कयर, बुङ लगायत खोलाहरुबाट नगरपालिकाको बस्ती क्षेत्रमा श्रृजित बिभिन्न कुलो तथा खोल्साहरुमा Debris जम्मा भै Channel Bed बृद्धीका कारण समुदायमा बाढी तथा डुवान जन्य विपद श्रृजना हुनसक्ने सम्भावना लाई न्युनिकरण गर्न करिव ५ कि.मि. कुलो तथा खोल्साहरुमा जम्मा भएको Debris लाई सफागरी पानी बहने Channel clear गरिएको छ।

**४) विपद् प्रतिकार्यमा भएका प्रयासहरू**

a) नगरपालिकाको आपतकालीन कार्य सञ्चालन केन्द्र सञ्चालनको चरणमा छ।

b) नगरपालिकाका का ११ वटै वडामा वडा विपद व्यवस्थापन समितिको पुनः गठन गरिएको छ।

c) हरेक प्रकारका विपद व्यवस्थापनका लागी नगर स्तरिय Special Disaster management & Rapid Rescue Team गठन

प्रकृया अगाडी बढेको छ ।

d) नगरपालिकामा रहेका अवकाश प्राप्त नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी लागयतका वैदेशिक पूर्व सुरक्षाकर्मीहरूको छाता सङ्गठन पूर्व सुरक्षाकर्मी परिषदको सहभागितामा Rapid Rescue Task force गठन ।

e) नगरपालिकाको बस्ती क्षेत्रमा श्रृजित बिभिन्न कुलो तथा खोल्साहरुमा जम्मा भएको Debris सफा गरी Channel Bed clear गरिएकोChannel को बहाव क्षमता बृद्धि गरिएको छ ।

f) विपद् व्यवस्थापन / प्रतिकार्य सामग्रिहरु खरिद गरि भण्डारण गरिएको छ ।

g) खगेरी खोलामा अत्याधिक Debris deposition का कारण Bed level उच्च र Channel साघुरो हुन गै बहाव क्षमता कम भएकाले Flood level मा बृद्धी भै बस्तीमा बाढी पस्ने सम्भावना देखिएकोले आवश्यक River Channelize गर्न अनुमतिका लागी सम्बन्धित निकायहरू सँग आवश्यक समन्वय भैरहेको ।

h) कालिका बाट भरतपुर जोड्ने सडकहरू (भरतपुर महानगरपालिका ११ ) मा रहेका विपद जोखिमयुक्त रूखहरू हटाउन जिल्ला विपद व्यवस्थापन समिति, डिभिजन बन कार्यालय भरतपुर एवं भरतपुर महानगरपालिका कार्यालय सँग आवश्यक समन्वय भएको

i) **फोहर मैला ब्यबस्थापनः**

**१) फोहर मैला ब्यबस्थापन क्षेत्रमा भए प्रयासहरु**

a. फोहर मैला ब्यबस्थापन कार्यका लागी सेवा शुल्क निर्धारण भएको ।
b. समग्र नगरको फोहर उत्पादन सम्वन्धमा अध्यायन प्रतिवेदन तयार भएको छ ।
c. समग्र नगरको फोहर ब्यबस्थापन कार्य कालागी सम्वन्धित सेवा प्रदायक संस्था नियुक्तिका लागि प्राविधिक प्रस्ताब तयारी भएको छ
d. समग्र नगरको फोहर ब्यबस्थापन कार्य कालागी Landfill site पहिचान सम्वन्धित Pre-feasibility study समपन्न भएको छ ।
e. समग्र नगरको फोहर ब्यबस्थापन कार्य कालागी Landfill site र प्रसोधन केन्द्र निर्माण गर्न जग्गा लिजमा माग गरी सुचना प्रकासन गरेकोमा कसैको पनि निबेदन परेन ।
f. समग्र नगरको फोहर ब्यबस्थापन कार्य कालागी Landfill site पहिचान सम्वन्धित Pre-feasibility study भएक स्थानहरुको वातावरणिय अध्ययन कार्य अगाडि बढेको छ ।
g. सार्वजनिक निजि साझेदारी अवधारणामा फोहर मैला ब्यबस्थापनको प्रयास तथा अध्यायान भैरहेको छ ।
h. खैरहनी, रत्ननगर र कालिका नगरपालिकाको संयुक्त प्रयासमा एकिकृत फोहर मैला ब्यबस्थापनको प्रयास तथा अध्यायान भैरहेको छ ।

**२) हाल सम्म फोहर मैला ब्यबस्थापन क्षेत्रमा भए गरेका सचेतनामुलक कार्यहरू**

a) "कालिका नगरपालिकाको फोहरमैला व्यवस्थापन कार्यविधि -२०८०" ( प्रथम संशोधन समेत ) मा रहेका नगरपालिकाको फोहरमैला व्यवस्थापन सम्बन्धी प्रावधान, नीतिगत व्यवस्थाहरू, नगरपालिकाको फोहरमैला व्यवस्थापनमा नागरिकको कर्तव्य, सम्बन्धमा अभिभुखिकरण कार्यक्रम सम्पन्न भएको छ ।

b) नगर क्षेत्रभित्रमा सम्पूर्ण बजार व्यवस्थापन समितिका अध्यक्षहरू एवम् समितिहरूलाई एकदिने अभिभुखिकरण कार्यक्रम सम्पन्न भएको छ ।

c) नगरपालिकाको फोहरमैला व्यवस्थापनमा नागरिकको कर्तव्य, श्रोतमै फोहर वर्गीकरण गर्ने आधारभुत विधिहरू सम्बन्धमा सम्पूर्ण वडा सदस्यहरू, नगर क्षेत्रभित्रमा सम्पूर्ण टोल व्यवस्थापन समितिका पदाधिकारीहरूलाई एकदिने अभिभुखिकरण कार्यक्रम सम्पन्न भएको छ ।

d) जि. स. स. चितवनका प्रमुख, कालिका नगरपालिका वडा नं १ देखी ८ का वडा अध्यक्ष र कालिका नगरपालिका वडा नं १ देखी ८ अन्तरगत पर्ने सम्पूर्ण सामुदायिक बन उपभोक्ता समितका अध्यक्ष, उपाध्यक्ष र सचिवहरुको सहभागितामा "कालिका नगरपालिकाको फोहरमैला व्यवस्थापन का लागि Land-fill Site पहिचान एवं व्यवस्थापन" विषयक एक दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

**वन तथा वातावरण संरक्षणः**

१) पालिकाबाट सम्पन्न कार्यहरूः

a. कालिका नगर क्षेत्र भित्रका सामुदायिक वनको कार्य योजना र कार्यक्रमलाई नगरपालिकामा पेश गर्न र स्वीकृति प्रदान गर्ने गरिएको ।
b. स्वीकृति वनको कार्य योजना वमोजिम कार्यक्रम कार्यान्वयन अवस्थाको अनुगमन गर्ने नीति लिइएको ।
c. २०८१/०८२ का लागि कालिका नगर क्षेत्र भित्रका जम्मा २२ वटा सामुदायिक वन उपभोक्ता मध्य जम्मा ११ वटा सामुदायिक वनको कार्ययोजना स्वीकृत गरिएको ।
d. कालिका नगरपालिका को जलश्रोत मुहान दर्ता कार्यविधि २०७७ अनुसार हालसम्म १०० वटा भन्दा बढी जलश्रोत मुहान / संस्था दर्ता भएको ।
e. कालिका नगरपालिका स्तरीय खानेपानी गुणस्तर परीक्षण प्रयोगशाला स्थापन / सञ्चालनको क्रममा रहेको ।
f. कालिका वडा नं १०, कयर खोला पुल निर्माण आयोजनाको IEE ( वातावरणीय अध्ययन ) प्रतिवेदन स्वीकृत भएको ।
g. कयर खोला बाट दिगो रुपमा नदीजन्य पदार्थ उत्खनन तथा व्यवस्थापन गर्न IEE ( वातावरणीय अध्ययन ) प्रकृया सम्पन्न भएको ।
h. बुङ खोला बाट दिगो रुपमा नदीजन्य पदार्थ उत्खनन तथा व्यवस्थापन गर्न IEE ( वातावरणीय अध्ययन ) प्रकृया सम्पन्न भएको ।
i. थाङ खोला बाट दिगो रुपमा नदीजन्य पदार्थ उत्खनन तथा व्यवस्थापन गर्न IEE ( वातावरणीय अध्ययन ) प्रकृया सम्पन्न भएको ।
j. कालिका थाङ बुङ खोला नियन्त्रण आयोजनाको IEE ( वातावरणीय अध्ययन ) प्रतिवेदन स्वीकृत भएको ।
k. बुङखोला जोर करम घाट तल्लो र बुङखोला जोर करम घाट माथिल्लो बाट अमानत प्रकृया अपनाई कुल जम्मा ५५३७ घन मिटर नदीजन्य पदार्थ उत्खनन् गरी नियमानुसार बितरण कार्य सम्पन्न भएको छ । यस कार्यबाट नगरपालिकालाइ रु. २१,८१,५७८।- राजश्व समेत संकलन भएको छ ।

**नगरपालिकामा मौज्दात विपद व्यवस्थापन (खोज तथा उद्दार) सामग्रीहरू**

| क्र.स. | सामानको विवरण | इकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | Static Rope | पिस/गोटा | १(१०० मिटर) | |
| २ | Stretcher | पिस/गोटा | ५ | |
| ३ | Pry Bar | पिस/गोटा | १० | |
| ४ | Hammer | पिस/गोटा | १० | |
| ५ | Rupper Boot | पिस/गोटा | १० | |
| ६ | Rubber Tube | पिस/गोटा | १० | |
| ७ | Headlight | पिस/गोटा | ५ | |
| ८ | Emergency Light | पिस/गोटा | ५ | |
| ९ | Mega Phone | पिस/गोटा | १० | |
| १० | Pick | पिस/गोटा | १० | |
| ११ | Shovel | पिस/गोटा | १० | |
| १२ | Hoe | पिस/गोटा | १० | |
| १३ | Life Jacket | पिस/गोटा | १५ | |
| १४ | Safety Helmate | पिस/गोटा | १० | |
| १५ | Hacksaw | पिस/गोटा | ५ | |

| | | | |
|---|---|---|---|
| १६ | त्रिपाल | पिस/गोटा | ४० |
| १७ | प्लास्टिक बोरा | पिस/गोटा | ९४० |
| १८ | Portable Fire Pump (vailfirest) With Accessories | पिस/गोटा | १ |
| १९ | Electric Chain Saw | पिस/गोटा | १ |
| २० | Rotery Rescue Saw | पिस/गोटा | १ |
| २१ | Fire Extinguisher | पिस/गोटा | २ |
| २२ | Telescopic Ladder | पिस/गोटा | १ |
| २३ | Portable Stretcher | पिस/गोटा | १ |
| २४ | Reciprocating Saw | पिस/गोटा | १ |
| २५ | Rotary Hammer Drill | पिस/गोटा | १ |
| २६ | First Aid Kit Box | पिस/गोटा | २ |
| २७ | Fire Blanket | पिस/गोटा | २ |
| २८ | Fire Fighting Suit Set | पिस/गोटा | १ |
| २९ | Backhoe Loader | पिस/गोटा | १ |
| ३० | Ambulance | पिस/गोटा | १ |

आर्थिक प्रशासन शाखा  र राजस्व तर्फ:

क. हाल सम्मको बजेट खर्चको अवस्थाः

| क्र.स | विवरण | खर्च अनुमान | खर्च रु. | खर्च % |
|---|---|---|---|---|
| १ | चालु खर्च | ४९५७०१६००.०० | ४२९३४९९६०.२४ | ८६.६१% |
| २ | पुँजित खर्च | ४३४०७२४०० | २८४०७५८९६.८९ | ६५.४४% |
| जम्मा खर्च | | ९२,९७,७४,०००/- | ७१३४२५८५७.१३ | ७६.७३% |

ख. हाल सम्मको बजेट  आय को अवस्थाः

| क्र.स | विवरण | प्रस्तावित आय रु. | वास्तविक आय रु. |
|---|---|---|---|
| १ | संघीय सरकार | ४५,२६,४६,०००/- | ४२७९९२७५१.३२ |
| २ | प्रदेश सरकार | ७,३९,५०,०००/ | ६७६२५८४७/- |
| ५ | राजश्व बाँडफाँड | २४,५१,७१,०००/- | २०२०४२५८५३१/०४ |
| ६ | आन्तरिक स्रोत | ६,००,००,०००/- | ५०००९८९८/६० |
| ७ | गत आ.व को बैंक मौज्दात | ७,४५,०७,०००/- | ६,६१,२६,८८१/०२ |
| ८ | जनसहभागिता | १,००,००,०००/- | ४२८४६४१/- |
| ९ | अन्य आय /सडकवोर्ड ,जि.स.स | १३५००००००/ | ३७००००० |
| | जम्मा | ९२९७७४००० | ८२३९९८५४९.९८ |

ग. राजस्व संकलन:

| क्र.स. | राजस्व संकलन गर्ने कार्यालय | रकम |
|---|---|---|
| १ | नगर कार्यपालिकाको कार्यालय | २२५३१४१७/३३ |
| २ | वडा नं. १, कार्यालय | ३१९२५३७/ |
| ३ | वडा नं. २, कार्यालय | ३९४४३५६।५३ |

| | | |
|---|---|---|
| ४ | वडा नं. ३, कार्यालय | २९२५९३१/६५ |
| ५ | वडा नं. ४, कार्यालय | २३४५७३७/- |
| ६ | वडा नं. ५, कार्यालय | ३४९७४९३/७३ |
| ७ | वडा नं. ६, कार्यालय | ५१९९०६६।२० |
| ८ | वडा नं. ७, कार्यालय | २४८७६१४/९९ |
| ९ | वडा नं. ८, कार्यालय | १५३३०९९/ |
| १० | वडा नं. ९, कार्यालय | १८९३५११/१६ |
| ११ | वडा नं. १०, कार्यालय | ३४१९१४/- |
| १२ | वडा नं. ११, कार्यालय | ११७२२०/- |
| | जम्मा | ५०००९८९८/६० |

शिक्षा यूवा तथा खेलकुद शाखा

1. विद्यालय संख्याः सामुदायिक ३३ र संस्थागत ११ जम्मा -४४
2. विद्यार्थी संख्याः जम्मा १४३४७ ( सामुदायिक र संस्थागत)EMIS 2081
3. शिक्षक कर्मचारी संख्याः ४१०( सामुदायिक र संस्थागत तर्फ )EMIS 2081
4. आ.व २०८१/२०८२ बजेटः सशर्त तर्फ २० करोड ४७ लाख ५ हजार र नगरपालिका तर्फ २ करोड ७० लाख ९१ हजार गरि जम्मा बजेट २३ करोड १७ लाख ९६ हजार रहेकोमा २१ करोड ३९ लाख ४८ हजार खर्च भएको। ( जम्मा ९२.३ % )।
5. नन बजेटरी कार्यक्रम तर्फ वि .व्य.स. गठन, शिक्षक अभिभावक संघ गठन, शिक्षक तथा कर्मचारी करारमा भर्ना, आदि कार्यक्रम आवश्यकतानुसार सम्पन्न गरेको।
6. आर्थिक वर्ष २०८०/०८१ सम्म सवै सामुदायिक विद्यालयहरुको लेखा परिक्षण सम्पन्न भएको।

7. यस शैक्षिक सत्र २०८२ को लागि समयमै वार्षिक शैक्षिक क्यालेण्डर प्रकाशन र वितरण भएको।

8. तीन तह (कक्षा १-५, कक्षा ६-८ र कक्षा ९-१२) सञ्चालित विद्यालयका प्र अ वैठक सम्पन्न गरि शैक्षिक सत्र २०८१ को नतिजा समिक्षा लगायत समसामयिक विषयवस्तु र आगामी शैक्षिक रणनितिको वारेमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको।

9. सामुदायिक र संस्थागत विद्यालयका प्र.अ. हरुलाई motivation and meditation तालिम सम्पन्न गरेको।

10.मानसिक स्वास्थ्य युवा जागरण तथा अनुशासन सम्बन्धी १ दिने सचेतनामूलक कार्यक्रम सञ्चालन भएको।

11. शिक्षा दिवश २०८१ मा कक्षा ८, १०, १२ मा उत्कृट नतिजा हासिल गरेका विद्यालयहरु र विद्यार्थीलाई सम्मान तथा पुरस्कार वितरण गरिएको।

12. नियमित रुपमा प्र. अ. वैठक तथा अन्तरक्रिया कार्यक्रमहरु सम्पन्न गरेको।

13. अन्तिम चौमासिकसम्म विद्यालय खातामा जानुपर्ने सम्पूर्ण बिद्यालय ब्यबस्थापन अनुदान , दिवा खाजा अनुदान, सेनेटरी प्याड पाठ्यपुस्तक, छात्रवृत्ति लगायत अन्य अनुदानहरु विद्यालयको खातामा निकाशा गरिएको।

14. सामुदायिक विद्यालयहरुमा विद्युतीय-हाजिरी व्यवस्थापन गरिएको , सो कार्यको शाखाबाट नियमित अनुगमन तथा सुपरीवेक्षण गर्ने कार्य भएको।

15. विद्यालयहरुको नियमित अनुगमन तथा सुपरिबेक्षण गरिएको।

16. नगर शिक्षा योजनाको निर्माण कार्य सम्पन भएको।

17. विद्यालयका शिक्षक तथा विद्यार्थीहरुलाई ट्राफीक सचेतना कार्यक्रम सम्पन्न गरिएको।

18. अपाङ्गता भएका विद्यार्थीहरुको प्रारम्भिक पहिचान गरी IEMIS मा प्रविष्ट गर्न शिक्षक/कर्मचारी/प्र.अ. लाई क्षमता विकास, ICT तालिम कार्यक्रम सम्पन्न भएको।

19. शिक्षा शाखाको समन्वयमा सम्पूर्ण सामुदायिक विद्यालयहरुमा अनिवार्य रुपमा वार्षिक उत्सव कार्यक्रम सम्पन्न भएको। आधारभूत विद्यालयहरुलाई रु.३०,०००/-र माध्यमिक विद्यालयहरुलाई रु. ७०,०००/- का दरले विद्यालयहरुलाई रकम निकाशा गरिएको।

20. विद्यार्थी संख्या कम भई बन्द हुने अवस्थामा पुगेका आ वि कमलपुरलाई सोहि वडा अन्गर्तको मा. वि. सहपुरमा समायोजन/व्यवस्थापन गरिएको।

21. विद्यालयहरुमा रिक्त दरवन्दीमा करारमा शिक्षक नियुक्ति गरिएको। तथा शिक्षक सेवा आयोगवाट स्थायी नियुक्ति लिई आएका निम्न माध्यमिक तह तथा प्राथमिक तहका शिक्षकहरुलाई विभिन्न विद्यालयहरुमा पदस्थापन गरिएको।

22. स्थानीय तहस्तरीय आधारभुत शिक्षा( कक्षा -८) उत्तिर्ण परीक्षा २०८१ व्यवस्थित एवम् मर्यादित रुपमा सम्पन्न भएको।

२३. सामुदायिक तथा संस्थागत विद्यालयहरुमा खेलकुद सामग्री वितरण गरिएको।

२४. शैक्षिक गुणस्तर अभिवृद्धि तथा प्रविधिमैत्री सिकाइगरका लागि कालिका नगरपालिका वडा न. ९ १० र ११ का १२ वटा सामुदायिक विद्यालयहरुमा कम्प्युटर र प्रिन्टर वितरण गरिएको।

२५. कालिका नगरपालिकाका भित्रका प्राविधिक शिक्षा / धारमा अध्ययनरत छात्रा छात्रहरुका लागि प्राविधिक छात्रवृत्ति प्रदान गरिएको

।
२६.मेयर केयर कार्यक्रम मार्फत विपन्न, गरिब, सिमान्तकृत र जेहेन्दार बालबालिकाका लागि छात्रवृत्ति /आर्थिक सहायता उपलब्ध गराइएको ।
२७. अतिरिक्त क्रियाकलाप तथा सिकाइसँग सिप र प्रविधि अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने विद्यालयहरुलाई आर्थिक सहायता उपलब्ध गराइएको ।
२८. कालिका नगरपालिका अन्तर्गत स्रोत कक्षा सञ्चालन तथा व्यबस्थापनका लागि बजेट व्यबस्थापन गरिएको ।
२९. शैक्षिक सूचना व्यवस्थापन (EMIS) प्रतिवेदन निर्माण भएको ।

**स्वास्थ्य शाखाः**

- ११ वटै वडाहरूमा ८० वर्ष माथिका जेस्ठ नागरिक र तथा रातो कार्ड पाएका (अपाङ्गता भएका) ८७३ जना व्यक्तिहरुलाई घरैमा गइ चैत्र र जेठ महिनामा स्वास्थ्य परिक्षण गरिएको ।
- नगरपालिकाले खरिद गरेर बितरणगर्नु पर्ने ९८ प्रकारका निःशुल्क औषधी नियमित बितरण गरिएको ।
- नियमित रुपमा सुत्केरी भएका महिलाहरुलाई घरैमा गई आमा तथा नवशिशु को स्वास्थ्य जांच सेवा दिने ब्यबस्था नियमित रुपमा संचालनमा रहेको ।
- कालिका नगरपालिका अन्तर्गतका स्वास्थ्य सस्थाहरुको क्षयरोग नियन्त्रण कार्यक्रमको अन्तरगत कालिका न. पा को वडा नम्बर १,५,७ र ९ वडाहरुमा संभाबित क्षयरोगीहरुको सक्रिय खोजपडताल भएको र जनस्वास्थ्य कार्यालयको समन्वयमा कालिका नपा को वडा नम्बर ३ मा एक्सरे गरेर संभावित क्षयरोगीहरुको सक्रिय खोजपडताल भएको जसमा ५ जना नयाँ क्षयरोगी पत्ता लागाइएको।
- नगर प्रमुख बिपन्न स्वास्थ्य बिमा कार्यक्रम अन्तरगत हालसम्म कालिका न पा का बिभिन्न वडाका ९०८ घरका ३६७६ जनाको स्वास्थ्य बिमा दर्ता तथा नबीकरण गर्न यस आ ब २०८१।८२ मा रु ३२ लाख २८ हजार रुपया खर्च भएको।
- मृगौला प्रत्यारोपण गरेका,डायलाइसिस गराइरहेका,मेरुदण्ड पक्षघात भएका तथा क्यान्सर रोगीहरुले मसिक पाउने रु पाँच हजार रुपया माघ देखी असार २३ गतेसम्म १०९जनाको रु १५,७०,००० उपचार खर्च बितरण गरिएको ।
- सुत्केरीलाइ पोषिलो कोशेली अन्तरगत संस्थागत सुत्केरी भएका र ३५ दिन भित्र जन्मदर्ता गराएका आमाहरुलाइ नगदै रु १००० बितरण कार्य निरन्तर रुपमा संचालनमा रहेको ।
- संघीय सरकार बाट कालिका नगर अस्पतालको नयाँ ब्लकको निर्माण कार्य शुरु भएको।
- जनस्वास्थ्य कार्यालय चितवनको समन्वयमा कालिका नगरपालिकाको पदमपुर स्वास्थ्य चौकीमा नसर्ने रोगहरुको स्कृनिङ तथा उपचार शिबिर र कालिका वडा नम्बर २,३,५र ६ मा क्यान्सर रोग संबन्धी सचेतना कार्यक्रम संचालन भएको।
- कालिका नगरपालिकाको वडा नम्बर १० को सिद्धी स्वास्थ्य चौकी मा प्रत्यक महिनाको २५ गरे र वडा नम्बर ११ को रन्तेसमा प्रत्यक महिनाको २४ गते गर्भवती महिलाहरुलाइ भिडियो एक्सरे सेवा उपलब्ध गराउन शुरु गरिएको ।
- कालिका नगरपालिकाको ३ वटा स्वास्थ्य चौकीलाइ बिस्तारै डिजिटलाइजेसन गर्दै लैजाने नीति अनुरुप ३ वटा स्वास्थ्य चौकीलाई ल्यापटप खरिद गरी बितरण गरेको ।
- स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरुको सहभगितामा खोप कार्यक्रमको सुक्ष्म योजना कार्य सम्पन्न गरेको ।
- कालिका नगर अस्पताल बाट रेबिज बिरुद्धको सुइ जनस्वास्थ्य कार्यालय चितवनको समन्वयमा नियमित आपुर्ति गरिएको ।
- बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तरगत कालिका न पा वड नं ८ को चक्रदेवी आधारभुत विद्यालय र कालिका ११ को राष्ट्रिय आधारभुत विद्यालय कल्याणचौर,कालिका आधारभुत विद्यालय निबुवाटारमा पोषण स्वास्थ्य शिक्षा तथा कालिका न पा को सबै विद्यालयका बालबिकास सहजकर्ता हरुलाइ पोषण स्वास्थ्य शिक्षा प्रदान गरिएको ।

**कृषि विकास शाखा तर्फः**

| सि नं | क्रियाकलाप | हालसम्म भएका कार्यहरु | |
|---|---|---|---|
| १ | क्रप कटिङ सर्भे (धान, मकै, तोरी, आलु, तरकारी आदि) | धानको १७ वटा, तोरीको ८ वटा र आलुको ६ वटा तथ्याङ्क सङ्कलन गरी उत्पादकत्व निर्धारण गरीएको । कालिका नगरपालिकामा आ.व. २०८१।८२ मा धानको उत्पादकत्व ४.९३ टन प्रति हेक्टर, तोरीको उत्पादकत्व १.४१ टन प्रति हेक्टर र आलुको उत्पादकत्व १३.८७ टन प्रति हेक्टर रहेको । | |
| २ | कृषि मेशिनरी औजार ५०% अनुदानमा वितरण | मकै रोप्ने मेशिन ९ वटा, मकै छोडाउने मेशिन २० वटा, झार गोड्ने मेशिन २ वटा र डिजिटल काँटा २६ वटा गरी जम्मा ५७ जना लाभग्राही कृषक छनौट भई बितरण सम्पन्न भएको । | |
| ३ | मागमा आधारित केरा तथा मेवाको क्षेत्र विस्तार कार्यक्रम | केराः ६ जना लाभग्राही कृषक छनौट भई ४ बिघा १३ कठ्ठा केराको क्षेत्र विस्तार कार्यक्रम सम्पन्न ।<br>मेवाः २ जना लाभग्राही कृषक छनौट भई १९ कठ्ठामा मेवाको क्षेत्र विस्तार कार्यक्रम सम्पन्न । | |
| ४ | कागती खेती गर्ने कृषकलाई बेर्ना तथा बोर्डो पेन्टमा ५०% अनुदान कार्यक्रम | ११ जना कागती किसानलाई ३०५ लिटर बोर्डो पेन्ट वितरण । ११ कठ्ठामा कागतीको क्षेत्र बिस्तार कार्यक्रम सम्पन्न | |
| ५ | किसान सूचिकरण | सूचिकरण कार्यक्रम वडा नं १ देखी ५ सम्म सुरु भई करिब १९१५ जना कृषक घरपरिवार सूचिकृत भएका । | |
| ६ | गड्यौले मल उत्पादनका लागि ७०% अनुदानमा संरचना निर्माण कार्यक्रम | ५ जना लाभग्राही कृषक छनौट भई गड्यौले मल उत्पादनका लागि संरचना निर्माण कार्य सम्पन्न । | |
| ८ | च्याउको बिउमा ५०% अनुदान कार्यक्रम | ५ जना कृषक र १ वटा च्याउ कृषक समूह छनौट भई २३५० के.जी च्याउको बिउ वितरण कार्य सम्पन्न । | |
| ९ | ड्रागन फ्रुट प्रवर्द्धन कार्यक्रम (५०% अनुदान) | २ जना लाभग्राही कृषक छनौट भई २३ कठ्ठामा ड्रागन फल रोप्ने कार्य सम्पन्न । | |
| १० | रोग किराको जैविक व्यवस्थापनका लागि आई.पी.एम. एप्रोच प्रदर्शन कार्यक्रम | अन्नबाली, तरकारी तथा फलफूलका लागि विभिन्न प्रकारका पासो तथा जैविक विषादी वितरण । | |

**पशु सेवा शाखा तर्फः**

पशु सेवा शाखाले स्वीकृत बार्षिक कार्यक्रमहरुको सङ्सङ्गै पशुपन्छीको रोगको निदान तथा उपचार, प्रयोगशाला सेवा, नश्ल सुधारका लागी कृत्रिम गर्भाधान, बन्ध्याकरण सेवा जस्ता कार्यहरु निरन्तर गर्दै आईरहेको छ।

**पशु सेवा शाखाको नियमित सेवा तर्फको प्रगती विवरणः**

- पशुपन्छीको उपचार र परजिवि नियन्त्रण को लागी निशुल्क औषधि बितरणको कार्य निरन्तर भैरहेको छ।
- विश्व रेबिज दिवसको अवसरमा ४४२ कुकुर तथा २६ वटा बिरालो गरी जम्मा ४६८ र नियमित तर्फ ३४५ गरी जम्मा ८१३ पशुहरुमा निशुल्क रेविज बिरुद्धको खोप लगाईएको छ।
- प्रयोगशाला सेवा तर्फ १९६७ पशुहरुको गोवर तथा ५४ पशुहरुको दुध परिक्षण गरिएको छ।
- बन्ध्याकरण सेवा तर्फ २५५० वटा बोका तथा ७३ वटा भाले कुकुर र ८१ वटा पोथी कुकुरको स्थायी बन्ध्याकरण गरिएको छ।
- नश्ल सुधारको लागि ५३९१ वटा गाई तथा ४९४ भैंसीहरुमा गरि जम्मा ५८८५ पशुहरुमा कृत्रिम गर्भाधान सेवा प्रदान गरिएको छ।
- ७६ जना कृषकले बिमा कम्पनीबाट गाई/भैंसी/बाख्रा मृत्यु बापत पाउने रकम भूक्तानीको लागि सिफारिस गरिएको छ।

**पशुसेवा शाखाको स्वीकृत बार्षिक कार्यक्रमहरु तर्फको प्रगती विवरणः**

| सि नं | कार्यक्रमको नाम | हालसम्मको प्रगति अवस्था |
|---|---|---|
| १ | पशु उत्पादकत्व वृद्धि गराउने खालको घाँसको विउ बिजन र विरुवा उपलब्धताको लागि कार्यक्रम अन्तर्गत हिँउदे र बर्षे घाँसको बीउ खरिद तथा बितरण कार्यक्रम | सम्पन्न भैसकेको छ। |
| २ | विश्व रेविज दिवसको अवसरमा रेविज खोप खरिद तथा भ्यक्सिनेसन कार्यक्रम | सम्पन्न भैसकेको छ। |
| ३ | पशुहरुको प्रजननको लागी आवश्यक मिनरल तथा फिड सप्लिमेन्ट खरिद तथा वितरण कार्यक्रम | सम्पन्न भैसकेको छ। |
| ४ | परजिवि नियन्त्रण र उपचार सेवाको लागि औषधि खरिद कार्यक्रम | सम्पन्न भैसकेको छ। |
| ५ | पशुमा नश्ल सुधारको लागि कृत्रिम गर्भाधान कार्यक्रम | निरन्तर भैरहेको छ। |
| ६ | नगर भित्रका मासु तथा डेरि पसल अनुगमन कार्यक्रम | सम्पन्न भैसकेको छ। |
| ७ | बिशेषज्ञ सहित डोर टु डोर पशु उपचार कार्यक्रम | सम्पन्न भैसकेको छ। |
| ८ | कृत्रिम गर्भाधानका लागी आवश्यक सामाग्री खरिद तथा व्यस्थापन कार्यक्रम | सम्पन्न भैसकेको छ। |
| ९ | आ.व. २०८०/०८१ मा दुध उत्पादन गरी दुग्ध उत्पादक सहकारी संस्थामा बिक्रि गर्ने कृषकहरुलाई प्रति लिटर रु. १ का दरले अनुदान वितरण कार्यक्रम ( प्रदेशको दुधको अनुदान समेत) रु ९७ लाख ४३ हजार ९ सय १९ प्रदान गरीएको। | नगर तर्फ र प्रदेश तर्फको गरी प्रतिलिटर २ रुपैंया ७२ पैसा को दरले बितरण गरिसकिएको छ। |
| १० | आ.व. २०८१/०८२ मा रहेका पशु सेवा शाखा अन्तर्गतका सम्पुर्ण अनुदानका कार्यक्रमहरु | सम्पन्न भैसकेको छन। |

| | | |
|---|---|---|
| ११ | रेबिज रोग नियन्त्रणका लागी सामुदायिक कुकुरहरुको निशुल्क बन्ध्याकरण कार्यक्रम | सम्पन्न भैसकेको छ। |
| १२ | स्वच्छ दुध उत्पादनका लागी ३ दिने अगुवा कृषक तालिम | सम्पन्न भैसकेको छ। |
| १३ | ब्यबसायिक पशुपालन तालिम १ दिने | ५ वटा तालिम सम्पन्न भैसकेको छ। |

**भवन तथा बस्ती विकास शाखा र स्थानीय भूमि परिषद् (आ.व २०८१/०८२)**

१. घर नक्सा पास तर्फ

| सि.नं | सूचना जारी गरेको संख्या | निर्माण सम्पन्न संख्या |
|---|---|---|
| १. | ५० | ४८ |

२. घर अभिलेखीकरण कार्य तर्फ

| सि.नं | सूचना जारी गरेको संख्या | घर अभिलेखीकरण सम्पन्न संख्या |
|---|---|---|
| १. | ४७२ | ३७६ (अन्य बाँकि संख्याको घर अभिलेखीकरण प्रक्रिया पुरा नगरेको तथा नगरपालिकामा पेश नभएको। ) |

३. अमिन सेवा माग तर्फ

| सि.नं | अमिन सेवाको माग संख्या | अमिन सेवा प्रदान गरिएको संख्या | कैफियत |
|---|---|---|---|
| १. | १३६ | ११६ | बाँकी २० वटा अमिन माग फिल्ड प्रक्रिया रहेको र कुनै निबेदन दिइ निवेदक सम्पर्कमा नआएको। |

४. बाटो लगत कट्टा विवरण संख्या: (अंसबन्डा / अंस भरपाई प्रयोजन): ३० वटा सिफारिश भएको।

५. स्थानीय भूमि परिषद् तर्फ: जग्गा बर्गिकरणको लागि बैठक निर्णय: २ वटा

**भूमि आयोगको काम सम्बन्धीः**

हाल सम्मको कार्य बिबरणः

वडा अनुसार हालसम्म नापनक्सा भएको भूमिहिन दलित,भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको विवरण

| वार्ड | भु.दलित | भु.सुकुम्बासी | अब्य.बसोबासी | जम्मा |
|---|---|---|---|---|
| १ | १२ | ५७ | २१ | ९० |
| २ | २ | ६३ | १० | ७५ |
| ३ | १९५ | ३०८ | ५९३ | १०९३ |
| ४ | १० | ४९ | १६ | ७५ |
| ५ | १० | ८७ | ७९ | १७३ |
| ६ | ४२ | १०० | २७४ | ४१६ |
| ७ | १०४ | ४०६ | ७३० | १२४० |
| ८ | १७८ | २२९ | ९४३ | १३५३ |
| ९ | ४२ | ६० | ४८९ | ५९१ |
| १० | २ | ८ | ३४३ | ३५३ |
| ११ | १ | २२ | २१७ | २४० |
| जम्मा | ५९८ | १३८९ | ३७१८ | ५७०५ |

वडा अनुसार हालसम्म नापनक्सा भएको भूमिहिन दलित,भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको परिवार संख्या, घर धुरी तथा क्षेत्रफल

| वडा | नाप नक्सा भएको जम्मा क्षेत्रफल | नाप नक्सा गरिएको कित्ता संख्या | Database बनाएको कित्ता संख्या | नाप नक्सा गरिएको भूमिहीन दलित परिवार संख्या | नाप नक्सा गरिएको भूमिहीन सुकुमबासी परिवार संख्या | नाप नक्सा गरिएको अव्यवस्थित परिवार संख्या |
|---|---|---|---|---|---|---|
| १ | ४.६९ (विघा)<br>३१८२१.१६ व.मि | ६० | ६० | १० | ३५ | १५ |
| २ | १.२९ (विघा)<br>८७६५.१६ व.मि | २८ | २८ | २ | २३ | ३ |
| ३ | १२२.२१ (विघा)<br>८२७७०४.६३ व.मि | १३६९ | १३६९ | ७१ | ५९६ | ६८२ |
| ४ | १.३९ (विघा)<br>९४६७.३८ व.मि | ४३ | ४३ | ४ | २५ | १४ |
| ५ | १०.७३ (कट्ठा) | २० | २० | ७ | १२ | १ |

**उद्योग व्यवसाय  दर्ता  नवीकरण र खारेजी सम्बन्धीः**

हाल सम्मको उद्योग व्यवसाय दर्ताको अवस्थाः १६१६

०८१/८२ को दर्ता :  १११

नविकरण भएको जम्माः२२८

व्यवसाय बन्द :५८

**सहकारी तर्फ:**

सहकारी संख्या : ४५

अनुगमन गरिएको सहकारी संख्या : ८

**गैर सरकारी सस्था तर्फ:**

पालिकासंँग समन्वय गरि कार्यक्रम संचालन गर्ने गै स.स.स. संख्या :३५

**कालिका नगर अस्पताल**

- यस अस्पतालबाट प्रदान गरिने सेवाहरु जनअपेक्षा अनुरुप संचालन गर्दै स्वास्थ्य उपचार तथा परिक्षण सेवालाई सहज र सर्वसुलभ बनाउदै अन्यत्र अस्पताल जानुपर्ने अबस्थालाई न्यूनिकरण गर्दै लगिएको छ ।
- यसै आ.ब को पहिलो चौमासिकमा E -Tender मार्फत औसधि खरीद गरि औसधि उपचारको भरपर्दो व्यवस्था मिलाउदै आएकोमा औषधिको अभाव हुन नदिन तेश्रो चौमासिकमा पुन २३३ प्रकारका औषधिको E -Tender मार्फत खरिद प्रक्रीया अगाडी बढाईएको छ ।
- प्रयोगशाला सेवामा नयाँ प्रविधिका मेशिनहरु जडान गरी विशिष्टकृत जाँचहरु समेत बिस्तार गरि प्रयोगशाला सेवालाई समयानुकुल भरपर्दो रिपोर्टको लागी दैनिक गुणस्तर मापनका साथ संचालन गरिएको छ ।
- सेवाग्राहीहरुको बढ्दो चापलाई व्यवस्थापन गर्न टोकन मेसिन संचालन गरि सेवा लिन सहज र सरल व्यवस्था मिलाई जेष्ठ नागरिक अशक्त एवं अपाङ्गता भएका सेवाग्राहीलाई प्राथमिकता दिई कार्य गरिरहेको ।
- २४ सै घण्टा ईमरजेन्सी सेवालाई निरन्तर रुपमा संचालन गर्दै आकस्मिक रुपमा आबश्यक पर्ने औषधिहरु व्यवस्था मिलाईएको र २४ सै घण्टा चिकित्सक सहिको दक्ष स्वास्थ्यकर्मीबाट उपचार गर्ने व्यवस्था मिलाईएको ।
- आमा सुरक्षा कार्यक्रम सेवालाई थप व्यवस्थित गरि संचालन गर्न सेवा कक्षहरुलाई आवश्यकता अनुसार मर्मत सुधार गरिएको ।
- प्रत्येक हप्ताको सोमबार नियमित खोप सेवा निरन्तर सन्चालन गरि कालिका नगरपालिकालाई पूर्ण खोपको दिगोपनामा उल्लेख्य योगदान गरिएको ।
- सुरक्षित गर्भपतन सेवा, VIA जाँच,परिवार नियोजन परामर्श सेवा प्रभावकारी रुपमा संचालन गरिएको । विशेषज्ञ सेवाहरुमा बाल रोग,स्त्री रोग ,हाडजोर्नी तथा नशा रोग , भिडियो एक्सरे सेवा निरन्तर संचालनमा रहेको ।
- यस अस्पतालमा आगामी आ ब ०८२-०८३ बाट सर्जरी ओ पि डी र सामान्य अप्रेशन सेवा संचालन हुने गरि प्रक्रिया अगाडी बढाईएको ।
- अस्पताल जन्य फोहोरलाई निर्मलिकरण गरि फोहोर ब्यबस्थापनको लागी AUTOCLAVE मेशिनको जडानको कार्य अन्तिम चरणमा रहेको ।
- अस्पतालमा नयाँ भवन निर्माण शुरु भएको र आबश्यकता अनुसार अस्पतालको भौतिक संरचना थप तथा मर्मत कार्यहरु गरिएको ।

**कालिका नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, रेडक्रसग्राम चितवनद्वारा आयोजित सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थित भई हाल सम्म सम्पादन गरिएका कार्यहरुको प्रगतिको प्रस्तुतिकरण ध्यान पुर्वक सुनिदिनु भएकोमा सम्पुर्ण उपस्थित महानुभावहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहान्छु ।**

**धन्यवाद !**